NEWS THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

**मे ३०, २०११**

**तत्काल प्रकाशनका लागि**


**एटलान्टामाः डेबोरा ह्याक्स**, +१ ४०४ ४२० ५१२४
**काठमाडौंमाः स्यारा लेभिटसोर**, +९७७ ९८५ ११० ०७१२


## नेपालको संविधानसभाको म्याद थपिएकोमा कार्टर सेन्टरको विज्ञप्ति

नेपालका दलहरूले हालै गरेको सहमतिका साथै संविधानसभाको म्याद तीन महिना थप्न गरेको निर्णयको कार्टर सेन्टर स्वागत गर्दछ ।

"नेपाली जनतासमक्ष शान्ति तथा संविधान लेखन प्रक्रिया समापन गर्ने आफ्नो स्पष्ट लक्ष्य प्रदर्शन गर्नका लागि सबै दलहरूले यी प्रतिबद्धताहरूको कार्यान्वयन तत्काल थाल्नु अत्यन्त महत्वपूर्ण छ," अमेरिकी पूर्व राष्ट्रपति एवं कार्टर सेन्टरका सहसंस्थापक जिम्मी कार्टरले भन्नुभयो ।

नेपाली जनतासमक्ष प्रतिबद्धताहरू पूरा गर्नका लागि नेपाली राजनीतिक नेताहरूले पूर्व माओवादी लडाकूहरूको समायोजन तथा पुनर्स्थापनाको लागि प्याकेजको साथै समायोजनको ढाँचा, संख्या तथा मापदण्डहरूमा शीघ्र सहमति, शान्ति प्रक्रियाका अन्य प्रतिबद्धताहरूको सम्बोधन तथा २८ अगष्ट २०११ सम्ममा संविधानको मस्यौदा तयार गर्नका लागि बाँकी रहेका संवैधानिक मुद्दाहरूको समाधान खोज्नु पर्दछ । थप बिलम्वले नेपालको शान्तिप्रक्रियाको ऐतिहासिक उपलब्धिहरुलाई चुनौति दिन सक्छ ।

सहमतिको सरकार गठनले यी प्रयासहरूमा सहयोग पुऱ्याउनेछ, तर उक्त बिषयले शान्ति प्रक्रियाका वास्तविक उपलब्धि तथा नयाँ संविधानको पूर्णताका मुख्य लक्ष्यहरुलाई अबरुद्द पार्नु हुँदैन ।

नेपालीहरू स्थायी शान्ति तथा समृद्धिको मार्गमा अघि बढ्दै गर्दा कार्टर सेन्टर नेपालका जनतालाई सहयोग जारी राख्न समर्पित छ ।

*####*

*कार्टर सेन्टर सन् १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रवर्द्धन गर्न स्थापित भएको हो । लाभरहित उद्देश्यको गैरसरकारी संगठन कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रवर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै र विकाशशील राष्ट्रका किसानहरूलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ । कार्टर सेन्टरबारे अझ जान्न कृपया www.cartercenter.org मा हेर्नुहोस् ।*